**निर्णयहरु:-**

**<u>निर्णय नं.-१</u>**

S.K.S.A Engineering Services Pvt. Ltd र यस भीमफेदी गाउँपालिकाको कार्यालय बीच मिति २०८३।०१।०२ गते सम्झौता भई निर्माणाधीन योजना "Construction of Administrative Office Building/ Ward no-१", ठेक्का न. BRMMK/NCB/CWAB/१६/२०८२.०८३ को निर्माण कार्य सुरु भइसकेको र सो निर्माणकार्यको क्रममा भवन निर्माण कार्य अन्तर्गत भवन निर्माणस्थल सम्याउने क्रममा करिब ६.०० मिटर उचाइसम्म कटान कार्य सम्पन्न गरिएको र हाल मनसुनजन्य वर्षाका कारण कटान गरिएको ठाउँमा क्रमिक रूपमा माटो खस्ने तथा कटान गरिएको भिरालो माटो अस्थिर बन्दै गएको अवस्थामा रहेकोले प्राबिधिकद्वारा स्थलगत अध्ययन तथा निरीक्षण गर्दा कटान क्षेत्रको माथिल्लो भागमा रहेको आवासीय घर नजिकै चिरा पर्न थालेको तथा भिरालो माटो झर्ने क्रम जारी रहेको र कटान गरिएको उचाइ तुलनात्मक रूपमा बढी रहेको तथा वर्षायाममा माटोमा पानीको मात्रा बढ्दा माटोको आन्तरिक प्रतिरोध क्षमता (Shear Strength) घट्ने भएकाले कटान गरिएको भिरालो अस्थिर हुदा वर्षायाममा थप वर्षा भएमा कटानको स्थायित्वमा थप प्रतिकूल असर पर्न गई माथिल्लो भागमा रहेको आवासीय घर, घरपरिवार तथा सम्पत्तिमा क्षति पुग्न सक्ने सम्भावना समेत देखिएको तथा संरक्षण कार्य तत्काल गर्न पर्ने गरी सम्बन्धित गर्न वडा कार्यालय, निर्माण ब्यावसायी तथा स्थानीय प्रभाबित घर धनिहरुको समेत माग तथा सिफारिस प्राप्त भएको सम्बन्धमा पेश भएको प्राविधिक प्रतिवेदन तथा लागत अनुमान अध्ययन गर्दा मौजुदा Bill of Quantities (BOQ) मा केही आइटम थपघट गर्नुपर्ने तथा आवश्यक नयाँ आइटमहरू समावेश गर्नुपर्ने देखिएकोले, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम निर्माण व्यवसायीसँग आवश्यक दर निर्धारण/मूल्य समायोजन (Price Adjustment) सम्बन्धी वार्ता गरी भेरिएसन आदेश (Variation Order) मार्फत कार्य अगाडि बढाउदा शुरुको सम्झौता रकम १३७८०७९८.२५ बाट १६०३५५१२.५८ हुने हूँदा सो रकमको भेरिएसन आदेश (Variation Order) गरी देहायबमोजिम गर्नेः

१. सम्बन्धित प्राविधिकबाट तयार गरिएको संशोधित लागत अनुमान तथा भेरिएसन प्रस्ताव स्वीकृत गर्ने।

२. निर्माण कार्यको आवश्यकता अनुसार BOQ मा आवश्यक थपघट गर्ने तथा आवश्यक नयाँ आइटमहरू समावेश गर्ने।

३. नयाँ आइटमहरूको दर सार्वजनिक खरिद नियमावली, २०६४ तथा सम्झौताको शर्त समेत बमोजिम निर्माण व्यवसायीसँग वार्ता गरी निर्धारण/मूल्य समायोजन गर्ने।

४. उक्त दर तथा परिमाण स्वीकृत भएपछि बर्षाद तथा संभावित विपद समेतलाई अध्ययन गरी तत्काल भेरिएसन आदेश (Variation Order) जारी गरी निर्माण कार्यलाई निरन्तरता दिने।

५. भेरिएसन आदेश सम्बन्धी सम्पूर्ण प्रक्रिया प्रचलित सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित अन्य कानूनबमोजिम सम्पन्न गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आवश्यक अख्तियारी प्रदान गर्ने।

६. उक्त कार्यको लागि यस आ.ब. २०८२/८३ मा ४० लाख विनियोजित बजेट रहेको र लागत अनुमान रकम भन्दा न्युन भएको हुदा मिति २०८२/१०/२५ को कार्यपालिकाको निर्णय अनुसार अपुग रहेको रकम आगामी आ.ब. २०८३/८४ मा सभाद्वारा निर्णय गर्ने निर्णय भएको हुदा भेरिएसन आदेशबाट हुने थप आर्थिक दायित्व समेत त्यसैमा समाबेश थप विनियोजित गरी सुनिस्चित गर्ने।

**निर्णय नं.-२** भीमफेदी गाउँपालिकाको कर्मचारी अवकाश कोष व्यवस्थापन सम्बन्धि कार्यविधि,२०८३ पारित गर्ने ।